## **मिति २०७५।१०।२७ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय**

१) इलाम नगरपालिका, ९ नं. वडा कार्यालय गोलाखर्क, इलामको च.नं. ६८९ मिति २०७५।१०।०५ को योजना परिवर्तन सम्बन्धी पत्रानुसार निम्नानुसार परिवर्तन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न :

| **साविक योजनाको नाम ब.शी.नं. १३२/३११७१** | **रकम** | **परिवर्तित योजनाको नाम ब.शी.नं. १३२/३११७१** | **रकमान्तर रकम** |
|---|---|---|---|
| खड्गीगाउँ गोरेटो, टुँडिखेल गोलाखर्क सडकको बरको रुखबाट साजबोटे जोड्ने सडक स्तरोन्नति | ५,००,०००।०० | युगकुमारी मंग्रातीको घरबाट खड्गीगाउँ जाने गोरेटो बाटो मर्मत सुधार (खड्गीगाउँ गोरेटो बाटो) | २,००,०००।०० |
| | | लोवरको रुखबाट थिङ्गगाउँ सडक स्तरोन्नति | ३,००,०००।०० |

२) इलाम न.पा. को चालु आ.ब. २०७५।०७६ को योजना किताबको ब.शी.नं. १७०/३१११३ मा नेपाल भारत मैत्री शीत भण्डार संचालन तथा मर्मत समेत कार्यक्रममा रु १०,००,०००।०० रकम विनियोजन भएकोमा सो कार्यक्रम परिवर्तन गरी कार्यक्रमको नाम संग्रहालय निर्माण तथा मर्मतसम्भार राखी कार्यान्वयन गर्ने निर्णय गरियो ।

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखाको च.नं. ३०७९ मिति २०७५।१०।९ को मासिक डोर तथा ज्यालादारी कर्मचारीहरु सम्बन्धी परिपत्रमा छलफल हुँदा नेपाल सरकारबाट समायोजन भई आउने कर्मचारीहरु समेत आइ नसकेको र सेवा प्रवाहलाई सुचारु राख्नु जरुरी हुने परिस्थितिलाई मध्यनजर गर्दै यस कार्यालयमा साविकमा २०७६ असार मसान्तसम्मका लागि करार संझौता भई कार्यरत करार कर्मचारीहरुलाई संझौताको अवधिसम्मका लागि निरन्तरता दिई निजहरुको पारिश्रमिक भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४) इलाम नगरपालिका शिक्षा नियमावली, २०७४ अनुरुप शिक्षामा गुणस्तर अभिबृद्धि तथा सामुदायिक विद्यालय गाभ्ने प्रयोजनका लागि समायोजनको कार्य गर्न कार्यपालिका सदस्य तथा सामाजिक विकास समिति संयोजक श्री सीता रिजालको संयोजकत्वमा गठित समितिको मिति २०७५।१०।२७ को प्रतिवेदनमा छलफल हुँदा सो प्रतिवेदनमा आवश्यक सुझाव तथा परिमार्जनका लागि नगर शिक्षा समितिमा पठाई नगर शिक्षा समितिको सुझावका आधारमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

५) इलाम नगरपालिकाको तेस्रो नगर सभामा प्रस्तुत बजेट वक्तव्यमा आ.ब. २०७५।०७६ मा फोहरमैला व्यवस्था र खानेपानी जस्ता अत्यावश्यकीय सेवासँग सम्बन्धित कार्यक्रम तथा सचेतनामूलक कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालन गर्ने संस्थाले लागत सहभागिता व्यहोर्नु नपर्ने व्यवस्था मिलाउने व्यहोरा उल्लेख भएको सन्दर्भमा चालु आ.ब. २०७५।०७६ को वडागत लक्षित समुदाय विकास कार्यक्रम, महिला तथा लक्षित समूहसँग सरोकार राख्ने कार्यक्रम, कृषि तथा पशु सेवासँग सम्बन्धित कार्यक्रम लगायतका सचेतनामूलक तथा समावेसी कार्यक्रमहरुमा कार्यक्रम संचालन गर्ने संस्था, समूह तथा उपभोक्ता समितिले लागत सहभागिताका लागि अग्रिम रकम जम्मा गर्नु नपर्ने व्यवस्था मिलाउने र यस प्रकृतिका कार्यक्रममा कार्यक्रम संचालनका लागि संस्थाले लागत सहभागिता वापतको अग्रिम रकम जम्मा गरी संझौता गरिसकेको भए सम्बन्धित संस्थालाई सो रकम फिर्ता दिने निर्णय गरियो ।